# डब्ल्यूटीओमा सार्कको साझा प्रस्ताव लैजान आग्रह

अभियान संवाददाता

साउन १७, काठमाडौं। विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ) को नवौं मन्त्रीस्तरीय बैठकमा दक्षिण एशियाली देशलाई साझा प्रस्ताव लैजान विज्ञहरूले सुझाव दिएका छन् । आगामी डिसेम्बर ३ देखि ६ सम्म इण्डोनेशियाको बालीमा हुने नवौं मन्त्रीस्तरीय बैठकमा साझा धारणा तयार गरी प्रस्तुत गर्न उनीहरूले सुझाव दिएका हुन् । गत जुलाईमा श्रीलङ्काको माराविलामा भएको 'नवौं विश्व व्यापार सङ्गठनको मन्त्रीस्तरीय सम्मेलनका लागि दक्षिण एशियाका प्राथमिकता' विषयक क्षेत्रीय स्तरको छलफलले तय गरेका मुद्दालाई अघि बढाउन विज्ञहरूले आग्रह गरेका छन् ।

साउथ एशिया वाच अन ट्रेड इकोनोमिक्स एण्ड इन्भायरोन्मेण्ट (सावती)ले बिहीवार वाणिज्य तथा आपूर्ति मन्त्री शङ्करप्रसाद कोइरालालाई भेटी छलफले तय गरेका मुद्दा अघि बढाउन आग्रह गरेको छ । श्रीलङ्काको कोलोम्बोमा आयोजना हुन लागेको सार्क मन्त्रीस्तरीय बैठकमा समेत उक्त मुद्दाहरूलाई छलफलका लागि अगाडि बढाउन आग्रह गरेको सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले बताए । 'नेपाल डब्ल्यूटीओका अल्पविकसित मुलुकहरूको संयोजक राष्ट्र भएकाले बहुपक्षीय व्यापार प्रणालीबाट लाभान्वित गराउन सार्कको मञ्चलाई उपयोग गर्न सक्नुपर्छ,' उनले भने । बहुपक्षीय व्यापार प्रणालीका वार्तामा साझा मुद्दा तय गरी सामूहिक रूपमा प्रस्तुत हुँदा परिणामलाई आफ्नो पक्षमा पार्न सकिने सम्भावना रहन्छ । दोहा वार्ताको चरण एवम् बहुपक्षीय व्यापार प्रणालीको भविष्य नै सङ्कटमा परेको बेलामा दक्षिण एशियाली मुलुकले साझा मुद्दा तय गर्नु उपयुक्त हुने विज्ञहरूको निष्कर्ष छ ।